परियत्ति
PARIYATTI BULLETIN बुलेटीन

नेपाल बौद्ध परियत्ति शिक्षा
अ.ने.भि. महासंघ द्वारा संचालित
स्थापित बु.सं. २५०७

# परियत्ति
PARIYATTI BULLETIN बुलेटीन

पञ्ञा नरानं रतनं

सुत्तन्तेसु असन्तेसु,
पमुट्ठे विनयम्हि च ।
तमो भविस्सति लोको,
सुरिये अत्थङ्गते यथा ॥
सुत्तन्ते रक्खिते सन्ते,
पटिपत्ति होति रक्खिता ।
पटिपत्तियं ठितो धीरो,
योगक्खेमा न धंसति ॥

सूत्र रहेन भने र विनय नष्ट भयो भने यो लोक त्यस्तै प्रकारले अन्धकारपूर्ण हुन्छ, जसरी सूर्य अस्ताउँदा हुन्छ । सूत्र रक्षा भइरह्यो भने प्रतिपत्ति रक्षा हुन्छ, प्रतिपत्तिमा स्थिर भइरहने धीर पण्डित योगक्षेम निर्वाण प्राप्त गर्नबाट विमुख हुँदैन । -(मनोरथपूरणीअंनि. अट्ठकथा)

वर्ष - २ अंक - ६ बु.सं २५५० वि.स २०६३ चैत्र ने.सं. ११२७ ई.सं. २००७ सहयोगार्थ रु-५/-

## वर्तमान परियत्ति शिक्षाका चुनौतीहरू र अत्यावश्यक मागहरू

— भिक्षु ज्ञानपूर्णिक

### १. नेपाल सरकारको मान्यता र आर्थिक सहायता उपलब्ध हुनुपर्ने

शान्तिनायक भगवान् बुद्धका अनुयायी रहेका बौद्धहरूले सरकारी नीतिनियमको अनुशरण गरी देशको हित कल्याणकारी कर, भंसारमहसूल आदि तिर्दै आएका छन् । समाज र राष्ट्रपर्यन्तको लागि आवश्यक मानवीय नैतिक गुणहरूलाई उजागर गर्ने हेतुले यहाँ अखिल नेपाल भिक्षु महासंघद्वारा बौद्ध परियत्ति शिक्षाका कक्षाहरू वि.सं. २०२० सालदेखि नै संचालन गर्दै आइरहेको छ । यी कक्षा नेपाल सरकारका अन्य शैक्षिक स्तरझैं प्रारम्भिकदेखि कोविदसम्म संचालित छन् । यस पवित्र शैक्षिक कार्यक्रमलाई अहिलेसम्म सरकारी मान्यता र आर्थिक सहयोगसम्म प्राप्त छैन । यसअघि नेपाल हिन्दुराष्ट्रको रूपमा रहँदा यस विषयमा बौद्धजगत्‌बाट पटक पटक विनयपूर्वक आवाज उठाइँदा पनि कतैबाट सुनुवाई भएन । हाल जनआकांक्षाअनुसार नेपाल धर्मनिरपेक्ष राज्य घोषित भएको परिप्रेक्षमा नेपाल बौद्ध परियत्ति शिक्षालाई मान्यता दिनु र आर्थिक एवं विविधपक्षबाट सहयोग गर्नु आवश्यकमात्र होइन कर्तव्य पनि हुन आएको छ । यसैले शिक्षामन्त्रालयद्वारा यसलाई मान्यता दिनुपर्दछ र सहयोगसमेतको लागि बजेटमा व्यवस्था हुनुपर्दछ ।

### २. लुम्बिनी बौद्ध विश्वविद्यालयबाट आधिकारिक पत्र प्राप्त हुनुपन

नेपालमा लुम्बिनी बौद्ध विश्वविद्यालय खोलिनु अति सान्दर्भिक र आवश्यक कुरा हो । किनकि यहाँको पवित्रभूमि लुम्बिनीमा भगवान् गौतम बुद्धले जन्म लिनुभयो । यस बौद्ध विश्वविद्यालय विधिवत् स्थापना गरिएको पनि झण्डै एक वर्ष भयो । उक्त विश्वविद्यालयका उपकुलपति र रजिष्ट्रारहरूसँग नेपाल बौद्ध परियत्ति शिक्षाद्वारा धेरै पटक अन्तरक्रिया भइसकेका छन् । ती अन्तर क्रियाको फलस्वरूप विश्व शान्ति विहार, जहाँ विश्वविद्यालयको लागि आवश्यक आधारभूत विद्यार्थी तयार गरिने १० कक्षासम्मको अध्यापन गर्ने विद्यालय विधिवत् संचालित छ, त्यहाँ थेरवादी बौद्ध अध्ययन संस्थान (Institute of Theravada Buddhist Study) संचालन गर्ने भन्ने छलफल भएअनुरूप कुन कुन तहको पढाइ गर्ने भन्ने कुराको लागि आवश्यक पाठ्यक्रम, पाठ्यपुस्तकहरूको तर्जुमा र आवश्यक शिक्षकशिक्षिकाहरूको व्यवस्थाको लागि केही पूर्व तयारी भएको भन्ने कुरा विश्वविद्यालयमा जानकारी दिंदा उक्त बौद्ध विश्वविद्यालयका पदाधिकारीहरूले आफूद्वारा निर्णय गरी सम्बन्धित ठाउँमा पठाइएको छु भनी नेपाल बौद्ध परियत्तिका केही व्यक्तिहरूलाई मौखिक रूपमा भनिएको तर आजसम्म त्यस बारे केही आधिकारिक सूचना प्राप्त नहुँदा यस सम्बन्धमा सबै कामहरू रोकिन जाने भएकोले सोबारे चाँडै लिखित सूचना आउनुपर्ने कुरा पनि आज यस सभामा व्यक्त गरिएको छ । यस सम्बन्धमा सरोकार सभाका सदस्यहरूले पनि आ-आफ्नो स्थान र हैसियतबाट यसबारे पहल गरी चाँडै लिखित सूचना आएमा निर्णय गर्न, उपयुक्त पाठ्यपुस्तक चयन र शिक्षक शिक्षिकाहरूको तर्जुमा गर्ने काम गर्न सजिलो हुनेछ ।

### ३. नेपाल बौद्ध शिक्षाबारे जागरण टोली गठन गर्ने

नेपाल बौद्ध परियत्ति शिक्षाबारे बौद्ध समाजमा पहिलेभन्दा बढी जानकारी रहँदैआएको छ । तापनि यस विषयमा सर्वसाधारण व्यक्तिहरू, विद्यार्थी र अभिभावकहरूसम्म यस विषयको जानकारी नपुगेको गुनासो पनि आइरहेको छ । तसर्थ नेपाल बौद्ध परियत्ति शिक्षाबारे राम्रो बोध गराउन नेपाल बौद्ध परियत्ति जागरण टोली गठन गर्नुपर्ने टड्कारो आवश्यकता देखिएको छ । यो टोलीले उपत्यकाबाहिर पर्यन्त विभिन्न ठाउँमा गएर प्रवचन र छलफल गर्ने जिम्मा लिनुपर्ने देखिन्छ । यस टोलीका सदस्यहरूबीच आफुलाई पायक पर्ने केन्द्रमा जानको लागि आपसी छलफल गर्नुपर्ने देखिन्छ र उक्त छलफलको आधारमा सदस्यहरू चयन गर्न पनि सजिलो हुने देखिन्छ ।

### ४. नेपाल बौद्ध परियत्ति शिक्षाको सन्निपातलाई व्यवस्थित गर्ने

गतवर्ष कीर्तिपुरमा सुखी होतु नेपालको प्रमुख व्यवस्थापनमा सम्पन्न भएको नेपाल बौद्ध परियत्ति शिक्षा सन्निपात (बृहद भेला) कार्यक्रम राम्रो भएको, केन्द्रहरूको सहभागिता उल्लेखनीय रहेको, चन्दा दाताहरू विशेषरूपमा अघि सरेको थियो । त्यसबेला सन्तोषजनक जनसमूहको उपस्थिति र त्यसको व्यवस्थाको हिसाबमा उक्त सन्निपात उल्लेखनीय र अति उपयुक्त रहनआएको छ । यस्तो सन्निपात ३/४ वर्षमा एक पटक गर्ने चलन बसाल्न यसलाई नेपाल बौद्ध परियत्ति शिक्षा नियमावलीमा नै उल्लेख हुन जरुरी देखिन्छ । आगामी सन्निपातको आयोजना गर्न एउटा कार्यटोली गठन गरी काम गर्नुपर्ने देखिन्छ । तसर्थ यसबारेको एउटा रिपोर्ट सबैलाई उपलब्ध गराउनु उपयुक्त हुनेछ र अर्को सन्निपात कहिले गर्ने र त्यसमा कुन कुन कार्यक्रमहरूलाई प्राथमिकता दिने कुरा पनि उल्लेख हुन जरूरी छ ।

.... बाँकी ४ पेजमा

## परियत्ति प्रतिज्ञा

नेपाल बौद्ध परियत्ति शिक्षा अध्ययन गरी मैले भगवान् बुद्धको उपदेशहरू सिक्ने मौका पाए । यसको लागि अखिल नेपाल भिक्षु महासंघप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । नेपाल बौद्ध परियत्ति शिक्षाबाट प्राप्त ज्ञानलाई मैले आफ्नो मन, वचन र कर्मले पालन गर्नेछु । मैले यो ज्ञान मेरो परिवार र समुदायलाई पनि सिकाउनेछु । यसरी नै परियत्ति शिक्षाको विद्यार्थी भएको नाताले नेपालमा बुद्धधर्मको विकास र संरक्षणमा सदा संलग्नभै सक्दो योगदान दिने कार्यमा निरन्तर लाग्नेछु ।

सम्पादकीय

पञ्ञा नरानं रतनं
तिपिटक
ने.बौ.पि. महासंघ द्वारा संचालित
नेपाल बौद्ध परियत्ति शिक्षा
स्थापित बु.सं. २५०७

सम्पादक
भिक्षु बोधिज्ञान

प्रबन्ध सम्पादक
त्रिरत्न मानन्धर

सम्पादन सहयोगी
बासुदेव देशार

विशेष सहयोगी
भिक्षु जनक

कम्प्युटर सेटिङ्ग
प्रकाश डंगोल (टोखा)

सहयोगी
भिक्षु मिलिन्दो

यस परियत्ति त्रैमासिक बुलेटीन प्रकाशनार्थ सहयोग गर्दिनु भई परियत्ति शिक्षा प्रति माया र सद्भाव राख्नु हुन विनम्र अनुरोध गरिन्छ।

सम्पर्क सचिवालय
विश्व शान्ति विहार
मीनभवन, काठमाडौं
पो.ब.नं - ८९७३,
एन.पी.सी. - ३२७,
फोन नं. ४-४८२९८४/
४-४८२२५० (+Fax)
E-mail: vishwa@ntc.net.np

# परियत्तिका जनशक्तिहरूको सम्बर्द्धन

नेपाल वौद्ध परियत्ति शिक्षा बुद्धशिक्षाको प्रचारकार्यमा स्वतन्त्र शैक्षिक संस्थाको रूपमा लागिपरेको ४५ वर्ष पुग्ने कममा छ। बुद्धको अनमोल शिक्षा कुनै जाती तथा वर्गको लागि मात्र नभै एक सार्वजनिक शिक्षाको रूपमा कुनै किसिमको भेदभाव र हित भएर सबै मानवहरू माझ प्रचार प्रसार गर्न परियत्ति संस्था सफल भएको छ। ४५ वर्ष सम्मको अनवरत सफलीभूत यात्राको श्रेय धेरै श्रद्धेय भिक्षुहरू, अनागारिका गुरुमाँहरू, उपासकहरू तथा उपसिकाहरूलाई दिनुपर्दछ, जसले निस्वार्थ रूपमा यसलाई निरन्तरता दिने काममा पाइला अघिसार्दै जानुभयो। परियत्ति शिक्षालाई निरन्तरता दिन यथासक्य तन मन र धनले सहयोग गर्नुहुने एक उपासक व्यक्तित्वको रुपमा धर्मरत्न शाक्य "त्रिशुली" हुनुहन्थ्यो। जसको गत २०६३ पौष २५ गते भौतिक रुपमा अवसान भयो।

परियत्तिका सुत्राधारको रुपमा रहनुभएका उहाँको अवसानले परियत्तिको प्रवाहमा एक अपुरणीय क्षति भएको महशुस भएको छ। उहाँको परियत्तिप्रतिको निस्वार्थ सेवा र देनलाई यस क्षेत्रमा कालान्तरसम्म अविस्मरणीय रहनेछ। एकल व्यक्तिको रुपमा परियत्तिप्रति उहाँको विशिष्ट देनलाई सर्वत्र महशुस गरिनै रहने छ। परियत्ति जस्तो संस्थाको लागि उहाँ एक अमूल्य जनशक्तिको रुपमा हुनुहन्थ्यो। उहाँको अवसान पश्चात् उहाँजस्तै परियत्तिलाई विविध रुपमा समर्पित रहेर प्रवाहित गर्नसक्ने व्यक्ति फेरि अर्को आउलान् या नआउलान् भन्न सकिन्न। तर उहाँले निर्वाह गर्नु भएको भूमिकालाई निरन्तरता दिनका लागि सामूहिक रुपमा भएपनि जनसक्ति निर्माण गर्नु परियत्ति संस्थाको लागि आवश्यक भइसकेको छ।

अर्को शब्दमा भन्ने हो भने उहाँले एकल व्यक्तिको रूपमा परियत्ति स्थापना र प्रवर्द्धनका लागि गर्नुभएको कामहरूलाई निरन्तरता दिन परियत्ति जनशक्तिहरूलाई प्रेरित गर्ने बेला आइसकेको छ। ४५ वर्षको दौरानमा ने. बौ. प. शिक्षाबाट धेरै उपाधि प्राप्त व्यक्तित्वहरू उत्पादन गरि सकेका छन्। "सद्धम्म पालक" र सद्धम्म कोविद उपाधीधारीहरु जो विभिन्न कारणवश शासनिक क्षेत्रमा निष्कय भएर बसिरहेका छन्, उहाँहरुलाई संस्थागत रुपमा संग्रह गरी परियत्तिको लागि जनशक्तिको रुपमा रुपान्तरण गर्न सकेमा परियत्तिको निरन्तरताको लागि शसक्त आधारशीला खडा हुने कुरामा दुइमत हुनसक्दैन।

परियत्ति शिक्षा प्राप्त श्रद्धालु उपाधिधारी व्यक्तिहरुलाई यसरी बुद्धशासनिक कार्यमा लगाउन सकेमा बुद्धशासन अगाडि बढाउन सहज वातावरण तयार हुनेछ भने शिक्षा प्राप्त ती उपाधिधारीहरुमा पनि जिम्मेवारी बोध र सन्तोषको भावना अभिवृद्धि हुन्छन्। यस किसिमले परियत्ति जनशक्तिको संग्रह गरी उनीहरुको सक्षमतालाई संवर्द्धन गर्न सकेमा परियत्तिलाई परन्तुसम्म निर्बाध रुपले निरन्तरता दिनसक्ने हुन्छ र यस्ता कियाकलापहरुबाटै धर्मरत्न शाक्य'त्रिशुली' जस्ता व्यक्तित्वहरुको सम्मान गरेको ठहरिन्छ। अस्तु।

गोठालाले गाई-गोरुलाई धपाएर तर्साएर लगे झै जरा मरणले संसारवासीहरुको आयुलाई तर्साएर लान्छ। - भगवान बुद्ध

# "कोविद सम्मको अध्ययन सकिदैमा बुद्धधर्मको अध्ययन पूरा भएको सम्झिनु हुँदैन"

-ललिता धाख्वा, सद्धम्म कोविद

*(यस सालको परियत्ति सद्धम्म कोविद उपाधिको परीक्षामा ७८.५ प्रतिशत अंक ल्याई सर्वोकृष्ट हुन सफल भएकी ललिता धाख्वा रत्नदेवी र अष्टरत्न धाख्वाका सुपुत्रीका रुपमा पाटनको नागबहालमा जन्मेकी हुन् । उनी सरकारी शिक्षामा MBA सम्मको अध्ययन गर्नुभएका छ । उनी परियत्ति अध्ययन बाहेक विभिन्न केन्द्रमा परियत्ति अध्यापन पनि गराउनु हुन्छ । उनी आफ्नो परिवारमा ५ जना कोविद उपाधिधारी दिदीबहिनी र १ जना धम्मचरिय पद भएकी गुरुमा भएकोमा गर्व गर्नुहुन्छ । प्रस्तुत छ उहाँसँग भिक्षु जनकले गर्नुभएको संवादका केही अंश-)*

१) ललिताजी, परियत्ति सद्धम्म कोविद परिक्षामा बोर्ड प्रथम हुनु भएकोमा तपाईँलाई कस्तो महशुस भईरहेको छ ?

✍ परियत्ति शिक्षाप्रति श्रद्धा एवं गौरव राखी मेहनतसाथ अध्ययन गरे त्यस अनुरूप बोर्ड प्रथम हुन पाएकोमा अत्यन्त खुसी लागेको छ।

२) तपाई यसरी सफल हुनुको कारण बताइदिनोस् न ?

✍ बुद्धधर्मप्रतिको श्रद्धा, परियत्ति शिक्षा अध्ययन गर्ने चाहना एवं आफ्नो परिश्रम नै सफलताको कारण हो भने परिवारको धार्मिक वातावरणले पनि अध्ययन गर्नमा मलाई थप बल/हौसला मिलेको छ।

३) बौद्ध परियत्ति शिक्षाले तपाईको आफ्नो व्यक्तित्व निर्माणमा कस्तो भूमिका खेलेको छ जस्तो लाग्छ ?

✍ हाम्रो जीवनमा उत्तार चढाव भनेको भइरहन्छ । परियत्ति शिक्षाले ममा व्यावहारिक कठिनाइसँग सामना गर्न सक्ने क्षमता केही रूपमा विकसित गरेको छ। यसले जीवनमा हीनताबोध नभई सन्तुष्टि लिन सक्ने अवस्था सृजना गरेको छ।

४) परियत्ति शिक्षा र अन्य सरकारी शिक्षामा के भिन्नता पाउनुभएको छ ?

✍ परियत्ति शिक्षाको उद्देश्य भनेको एउटा चरित्रवान्, सदाचारी, नैतिकवान् नागरिक निर्माण गर्न हो । यसले मानवीय मनोवृत्तिलाई विकास गरी सच्चा मानव बन्न सिकाउँछ ।अचेलको विद्यालय विश्वविद्यालयका शिक्षाले भाषा, साहित्य, कला, विज्ञान, गणित इत्यादि विषयगत शिक्षाको विकास गरी पेशागत रूपमा सक्षम नागरिक बन्नाउने लक्ष्य लिएको हुन्छ। नैतिकतालाई खासै जोड दिएको पाइँदैन जस्तो मलाई लाग्छ।



*"अध्ययन, अनुसन्धान एवं ध्यान भावना जस्ता आचरणको कमीले गर्दा बुद्ध धर्मप्रति सचेत नागरिक भई आफ्नो धर्म, शिक्षा सम्बन्धी हक आधिकारका लागि बुलन्द आवाज उठाउन सकेका छैनौं ।"*

५) परियत्ति शिक्षालाई सरकारी मान्यता प्राप्त गर्न बौद्धहरूको आवाज कम भएको जस्तो तपाईलाई लाग्दैन ?

✍ निश्चय नै हो परियत्ति शिक्षालाई सरकारी मान्यता प्राप्त छैन । अब नयाँ नेपाल निर्माण गर्ने कममा परियत्ति शिक्षालाई पनि सरकारले मान्यता दिनुपर्छ। यस सन्दर्भमा हामी बौद्धहरू पनि त्यति नै दायित्व हुन आउछौ तर हामी बौद्धहरू प्रायः जन्मले मात्र बौद्ध कर्मले बौद्ध हुन सकेका छैनौं। अध्ययन, अनुसन्धान एवं ध्यान भावना जस्ता बौद्ध आचरणको कमीले गर्दा बुद्ध धर्मप्रति सचेत नागरिक भई आफ्नो धर्म, शिक्षा सम्बन्धी हक आधिकार का लागि बुलन्द आवाज उठाउन सकेका छैनौं।

६) हालको धर्म निरपक्षताको अवस्थामा यस शिक्षालाई अग्रगति तिर लान के गर्न सक्छौं जस्तो लाग्छ ?

✍ धर्म निरपेक्षताको अवस्थाले बुद्धधर्मलाई स्वतन्त्र रूपमा प्रचार प्रसार गर्ने अवसर प्राप्त भएको छ। बौद्धहरू जागरूक भई परियत्ति शिक्षा प्रचार प्रसार गर्ने अभियानमा लाग्नु परेको छ । यसको लागि परियत्ति जागरण शिविर सञ्चालन गर्नु आजको आवश्यकता हो। यदि हामी बौद्धहरूले जनमानसमा धर्म प्रचार प्रसार गर्न सकेनौं भने धर्मनिरपेक्षताबाट फाइदा लिन सक्दैनौं। अब हामी बौद्धहरूले अन्य धर्महरूको प्रतिस्पर्धामा अत्रन सक्ने क्षमता वृद्धि गर्नु नितान्त आवश्यक छ।

७) तपाइले दश बर्षसम्म अध्ययन भर्नुभएको यस परियत्ति शिक्षामा के कस्ता कमजोरीहरू भेटाउनु भएको छ र कस्तो सुधार होस् भन्ने तपाई चाहनुहुन्छ ?

✍ आफ्नो विशेषता भएको यस परियत्ति शिक्षा आजसम्म निरन्तर रूपमा संचालन भइरहेको निश्चय पनि गौरवको कुरा हो । अझ यसलाई सुधार गर्दै लान सकेमा धेरैले लाभ लिन सक्छन्। जस्तै -

- पाठ्यपुस्तक सुलभ हुनुपर्ने।
- पाठ्यक्रम र पाठ्यपुस्तक परिमार्जन गर्दै लागुपर्ने।
- सद्धम्म पालक देखि कोविद अन्तिम बर्ष सम्मका विद्यार्थीहरूलाई केन्द्रबाटै उचित व्यवस्था गरी सञ्चालन गर्नुपर्ने।

८) कोविद पछिको तपाईको भावी योजना क छ ?

✍ कोविद सम्मको अध्ययन सकिदैमा बुद्धधर्मको अध्ययन पूरा भएको सम्झिनु हुँदैन। बुद्धधर्मकोमा अध्ययन गर्नुपर्ने थुप्रै विषयवस्तुहरू छन्। त्यसैले धर्मको अध्ययनमा निरन्तरता दिनु, परियत्ति अध्यापनलाई पनि निरन्तरता दिदैं जानु र ध्यान अभ्यासमा लाग्ने मेरो योजना छ। परियत्ति प्रति श्रद्धा एवं गौरव राखी यसको विकासको निम्ति आफूले पनि अध्ययन अध्यापन गर्ने र अरूलाई पनि प्रेरणा दिने काममा आफ्नो तर्फबाट सक्दो सहयोग गर्नेछु।

---

## दोस्रो परियत्ति धम्मकप-२५५० परोपकार स्कूललाइ

*सुखी होतु नेपालको आयोजनामा यही असोज ५ गतेदेखि १० गतेसम्म परियत्ति धम्मकप२५५० को आयोजना भएको छ । अधिराज्यमा अध्यापन भइरहेका विभिन्न परियत्ति केन्द्रहरुको संलग्न रहेको उक्त प्रतियोगिता लिगचरणहरू, दोस्रो र फाइनल चरण गरी ४ दिनसम्म चलेको थियो । उक्त प्रतियोगितामा परोपकार स्कुल प्रथम भएको थियो भने दोस्रो र तेस्रोमा लुम्बिनी परियत्ति केन्द्र र ज्याति विहार परेका थिए । कार्यकममा प्रथम, द्वितिय र तृतिय हुन सफल प्रतियागीहरुलाई संसकृति, पर्यटन तथा नागरिक उड्यन मन्त्री प्रदीप ज्ञवालीले धम्मकप तथा पुरस्कार वितरण गर्नु भएको कुरा सुखी होतु नेपालका सचिव भिक्षु निग्रोधले जनाउनुभएको छ ।*

**आफ्नो केन्द्रको समाचार पठाई सहयोग गर्नुहुन अनुरोध गरिन्छ ।**

वर्तमान परियत्ति शिक्षामा .........

*५. नेपाल बौद्ध परियत्ति शिक्षा केन्द्रहरुमा शिक्षक शिक्षिकाहरुको व्यवस्थापन बारे*

धेरैजसो गाउँ गाउँका नेपाल बौद्ध परियत्ति शिक्षा केन्द्रहरूमा पढाउन जाने शिक्षक शिक्षिकाहरूको अभाव भएको कुरा ती केन्द्रहरूबाट बारम्बार उठाउने गरेका छन्। अब उपत्यकाबाहिर केन्द्रहरू खडा हुँदा शिक्षक शिक्षिकाहरूको समस्या अझ जटिल हुने कुरा निर्विवाद छ। जहाँ जहाँ परियत्ति शिक्षा केन्द्र स्थापना भए त्यहाँका शिक्षक शिक्षिकाहरूलाई तालिम दिने प्रयास भएको छ, तर यसमा समय लाग्ने देखिन्छ। तसर्थ यसरी टाढा टाढाका केन्द्रहरूमा गई अध्ययन गराउनमा सहयोग पुऱ्याउने शिक्षक शिक्षिकाहरूलाई कमसेकम यातायात खर्च र चियापानको खर्च दिनु आवश्यक भएको कुरा मननयोग्य छ। शिक्षक शिक्षिकाहरू र कर्मचारीहरू उपत्यकाबाहिर पठाउँदा बढी खर्च ब्यहोर्नुपर्नेहुँदा दाताहरूले एकजना शिक्षकको खर्चको लागि sponsorship लिंदा वार्षिक रू. ५,०००- उठाउनु आवश्यक देखिन्छ। यसरी प्रायोजन गर्न चाहने दाताहरूले नेपाल बौद्ध परियत्ति शिक्षाको विकास र उत्थानको लागि कति जनासम्म शिक्षक, शिक्षिकाहरूको लागि प्रायोजन गर्ने हो र कति वर्षसम्मको लागि गर्ने हो त्यसको उल्लेख गरी नाम लेखाउनु भएमा परियत्ति शिक्षा केन्द्रीय कार्यालयबाट दाताहरूसँग सम्पर्क राखेर रकम संकलन गर्न अनुकूल हुनेछ। तसर्थ दाताहरूले दिल खोलेर प्रयोजन गरिदिनु हुनेछ भन्ने आशा लिइएको छ।

*६. नेपाल बौद्ध परियत्ति शिक्षाका लागि निःशुल्क पुस्तकहरू वितरण गर्ने बारे*

- धेरैजसो नेपाल बौद्ध परियत्ति केन्द्रहरूले निःशुल्क किताबहरू माग गरिपठाएका छन्, तर त्यसरी निःशुल्क पुस्तकहरू उपलब्ध गराइदिने व्यवस्था नहुँदा धेरै केन्द्रहरूमा विद्यार्थी संख्या घट्न थालेका छन्। तसर्थ निशुल्क माग गरिपठाएका केन्द्रहरूमा आवश्यकता हेरी कमसेकम प्रारम्भिकदेखि कोविदसम्म निःशुल्क पुस्तकहरू उपलब्ध गराउने व्यवस्था हुनु आवश्यक देखिन्छ। हुन त परियत्ति शिक्षाका १ देखि १० सम्म पढ्ने सम्पूर्ण विद्यार्थीहरूलाई नै निःशुल्क पुस्तकहरू उपलब्ध गराइदिन पाएमा राम्रो हुने थियो, तर हाललाई यो व्यवस्था प्रारम्भिक प्रथम, द्वितीय र तृतीयसम्मको कक्षासम्म मात्र लागू गरी हेर्ने र त्यसको लागि प्रत्येक केन्द्रमा वार्षिक करीब रू. ३,०००- को जरूरत पर्दछ। तसर्थ दाताहरूले कतिवटा केन्द्रलाई sponsor गर्ने हो त्यसको लागि नाम लेखाउनुभएमा नेपाल बौद्ध परियत्ति शिक्षा केन्द्रहरूले त्यसको रेकर्ड राखी रकम संकलन गर्ने गर्नु राम्रो हुनेछ। अनि किताबहरू केन्द्रहरूसम्म पठाउने कामको जिम्मा लिने व्यवस्था गर्नु उचित हुनेछ।

*(चौथो परियत्ति सभाको प्रस्तावित भावीयोजनाबाट)*

# बौद्ध विद्वान धर्मरत्न शाक्य 'त्रिशुली' लुमंका

अमिता धोख्वा

'सी मानि भी सी मानि, छन्हु अवश्य सी मानि........'
'फय् वइच्वंथाय् च्यानाच्वंगु, मत सी थें थ्व देह नं।
क्षय जुयाः सिना,झीगु जीवन फुना वनी॥'
थुजागु थ्व देह धकाः, प्रज्ञा ज्ञानं स्वया स्वया।
मरणानुस्मृतियात भावना वृद्धि यायेमा॥

थुगु कथं मरणानुस्मृति भावना कविता प्रस्तुत यानाः सीथाय् स्वःवनेबलय् श्रद्धाञ्जली देछानाः शोकं कःपिंत नं समवेदना प्रकट याइम्ह श्रद्धेय धर्मरत्न शाक्य 'त्रिशुली' थौं झीगु न्ह्यःने मन्त। नुगः मछिंक भी सकसितं त्वःतावन। दकलय् न्हापां वसपोलयात मरणानुस्मृति भावना कविता लुमंकाः श्रद्धाञ्जली देछायाच्वना।

धर्मरत्न शाक्य 'त्रिशुली' बुद्ध धर्म, बौद्ध संस्कृति, कला, साहित्यया उन्नति व अभिवृद्धिया निंतिं तःधंगु योगदान बियाबिज्याःम्ह बहुप्रतिभाशालीम्ह बौद्ध विद्वान खः। वसपोल धार्मिक,सामाजिक संघ संस्थात नापं आवद्ध जुयाः अल्छि मचासें बुद्ध शासनिक ज्याय् यानाबिज्याःगु योगदान अविस्मरणीय जू।



बौद्ध परियत्ति शिक्षा संस्थापनय् श्रद्धेय बुद्धघोष महास्थविरयात घचघचे यानाः संस्थागत रुपं भिक्षु महासंघपाखें सञ्चालन जुइकेगु लागिं गुगु कुतः जुल व जुयाच्वंगु४३ दँ मयात। थुगु परियत्ति शिक्षा विस्तार जुजुं वनाच्वंगु दु। आपालं विद्यार्थीपिं सहभागी जुयाच्वंगु दु थें दक्ष जनशक्ति नं तयार जुया वयाच्वंगु लसताया खँ खः। वसपोल धर्मरत्न शाक्य थःम्हेस्यां नं शिक्षा हासिल यानाः मेपिंत नं प्रेरणा बियाबिज्याःम्ह खः।

वसपोल परियत्ति क्षेत्रय् जक मखु प्रतिपत्ति क्षेत्रय् नं धर्मानुकूल जीवन हनाः ध्यान भावना यायेगुली नं क्वातुक्क लगे जुयाबिज्याःम्ह खः। ध्यानद्वारा मन बल्लाकाः च्वने फुगुलिं हे वसपोल म्ह मफुसा नं सक्रिय रुपं धार्मिक, सामाजिक ज्याय् न्ह्यज्याना च्वनेफुगु खः। वसपोल आपालं विहार, सघं संस्थाया हीत चिन्तक जुयाः सहलह ब्याकाच्वंम्ह दक्षम्ह अनुभवीम्ह सल्लाहकार नं खः। उकी मध्ये अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रय् ध्यान च्वना बिज्याः थें माःबलय् माःकथं सुभाव सल्लाह एवं न्हिथं धइथें बिज्याना रेखदेख यानाच्वंम्ह छम्ह विशेष सदस्य एवं सल्लाहकार नं खः। लुम्बिनी बिज्याये न्ह्यः तकं थुगु ध्यान केन्द्रीय पलाः तःबिज्याःगु खः गुगु पलाः अन्तिमगु पलाः जूवनी धकाः सुनां मस्यू। लुम्बिनी गुगु धार्मिक ज्याया अभिभारा ज्वनाबिज्यात उगु ज्या यायां महये न्ह्यः कुन्हु तकाया रिपोर्ट कम्प्यूटरय् तया थाकुल धयागु खँ सीदु कि वसपोल छम्ह कर्मस्थल दायित्वबोध दुम्ह खः धयागु खँ।

वसपोल धर्मरत्न शाक्य धार्मिक कुलय् धार्मिक वातावरण दुगु कूलय् जन्म जूम्ह जुयाः भिदँया बैसय् नेपाःया न्हापांम्ह महासंघनायक प्रज्ञानन्द महास्थविरपाखें त्रिशरण सहित पञ्चशील ग्रहण यानाः उपासक जुयाः बुद्ध शासनय् दुहाबिज्याःम्ह खः। वसपोलं सःस्यूपिं भन्तेपिं, गुरुमांपिं अन्य गुरुजनपिंके शिक्षादीक्षा कयाबिज्यात। धर्मया अध्ययन एवं स्वयं अभ्यास यायां दक्षम्ह दुग्यंम्ह बौद्ध विद्वान जुया पिहां वल।

वसपोलं पालि त्रिपिटकया चरियापिटक, सुत्तनिपाट, अंगुत्तरनिकाय विमानवत्थु थेंज्याःगु सफूत अनुवाद याना बिज्यात। व थें तुं विश्वया बुद्ध धर्म, चतुरारक्ख भावना, संवेजनीय उपदेश आदि सम्पादन याना ६० गुलिं मयाक सफूत प्रकाशन यानाबिज्याना साहित्यया धुकू थनाबिज्यात। लोकंहवाःगु ज्ञानमाला भजन म्येत च्वयाबिज्यात। कविता उद्गार तत्क्षणय् हे ब्यक्त याये फुगु प्रतिभा दुथें नाटककार, अथेहे बाद्यवादनय् न दक्षता दुम्ह जुयाच्वन। थःगु कर्मक्षेत्र कथं त्रिशुली सुगतपुर विहार निर्माणय् सहयोग, सुगत बौद्ध मण्डल स्थापना यानाः कर्मस्थ उपासक जाया बिज्यात। धर्म, स्वास्थ व शिक्षाया सेवा यानाः आपालं उपकारया ज्याय् न्ह्यचिलाबिज्यात।

वसपोल धार्मिक समाजिक संघ संस्था नापं आवद्ध जुयाः अल्छि मचासे यक्व हे योगदान यानाबिज्याःगु दु। थु गु योगदानयात कदर यानाः २०५३ श्रावण ५ गते थीथी संघ संस्थात मुनाः अभिनन्दन समारोह नं याःगु जुल। अथेहे ज्ञानमाला भजनपाखें 'रत्नवत सिरपाः' बियाः हंगु खःसा धर्म बहादुर कल्याण कोषपाखें नं अभिनन्दित जुला। अथेहे थाय् थासय् सभा समारोहस वसपोलयात हनाच्वंगु जुल।

प्रबज्जित जीवन नं स्वक्वः तक थीथी अवसरय् हनेखंम्ह ध्यान भावना नं क्वातुक यायेसःम्ह, उपासकपिंके दयेमाःगु गुणं नं सम्पन्नम्ह, दुग्यंक सल्लाह बीसःम्ह सरल, शान्त, स्वभाव दुम्ह वसपोल धर्मरत्न शाक्य 'त्रिशुली' भीगु न्ह्यःने मदुसां वसपोलं यानाबिज्याःगु योगदान वथें वसपोलया गुण अविस्मरणीय जुया हे च्वनी तिनि। सपोलयात निर्वाण प्राप्त यायेगुया हेतुं चूलायेमा धकाः श्रद्धाञ्जली व्यक्त यानाच्वना।

*(साभार: सन्ध्या टाइम्स)*

# परियति शिक्षाले ल्यायो परिवर्तन

— सुनील महर्जन —

काभ्रेको देवभूमि बालुवाका अधिकांश विधिकांश विद्यार्थीले शनिबार छुट्टी नपाएको करिब दुई वर्ष भइसक्या । तैपनि उनीहरूको मनमा कुनै प्रकारको गुनासो छैन, बरु मुहारमा खुसी छाएको छ ।

त्यस दिन उनीहरूलाई शिक्षा मन्त्रालयले तय गरेको पाठ्यक्रम नभई अखिल नेपाल भिक्षुमहासंघद्वारा सञ्चालित बौद्धदर्शन, ज्ञान, संस्कृतिसम्बन्धी औपचारिक परियति शिक्षा पढाइने गरिन्छ । बुद्धकालीन ध्यान, एकाग्रता र ज्ञान पढाइने भएकाले विद्यार्थीहरू शनिबार भए पनि विद्यालय जान तयार भएका हुन । विद्यार्थीको यसप्रति आकर्षण बढ्दो छ । त्यसलाई उनीहरूले जागिर खान सघाउने शिक्षाको रूपमा नलिई जीवन जिउन सिकाउने शिक्षाका रूपमा लिएका छन् ।

'बुद्धको ज्ञानले चरित्र विकास गर्न सिकाएको छ', १४ वर्षीय इन्दिरा पराजुली भन्छिन- 'शान्ति र सुखका साथ जीवन बिताउन आवश्य शिक्षा रहेको छ ।' उनी बौद्ध परियतिको कक्षा २ मा पढ्छिन । त्यहाँ सिकाइने ध्यान, शील, सदाचार का कुराले जीवनमा सकारात्मक पक्षहरू विकास हुँदै गएको उनी बताउँछिन् ।

त्यस गाउँमा उपस्थित श्री आजाद उच्च माविमा कक्षा सञ्चालन भइरहेको छ । ती विषय पढ्न गाउँकै नवप्रतिभा अंग्रजी मावि, दिपशिखा माविका विद्यार्थीहरू पनि आउने गर्छन् । लगभग सबैको धारणा इन्दिराको जस्तै छ ।

विशेषत: उपत्यकामा केन्द्रित परियति शिक्षालाई काभ्रेको गाउँमा पुऱ्याउने व्यक्ति महोत्तरी जलेश्वर-११ का इन्जिनियर दिनेश चौधरी हुन् । उनकै पहलमा हाल पढाइ निरन्तर भइरहेको छ ।

जीवनलाई सकारात्मक दृष्टिले हेर्न सिकाउने, नैतिक आचरण राम्रो बनाउन मद्दत पुऱ्याउने भएकाले परियति शिक्षा सञ्चालन गरेको इन्जिनियर एवम् केन्द्राध्यक्ष चौधरीले बताउनुभयो ।

'परियति शिक्षाको माध्यमबाट व्यक्तिको आन्तरिक पक्ष विकास गर्ने उद्देश्यले गाउँमा पढाइ सञ्चालन गरेको हुँ' -उहाँले भन्नुभयो । सिंचाइ क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएबापित २०५१ सालमा राजा वीरन्द्रबाट गोरखा दक्षिणबाहु पाउन सफल चौधरी आफ्नै व्यक्तिगत खर्चमा पढाई सञ्चालन गरिरहेका छन् ।


पढाइका अतिरिक्त गाउँमा पाँच वटा शील प्रार्थना गर्ने चेतना जगाउन उनले पञ्चशील अभियान थालेका छन् । यस अभियानले गाउँमा मद्यपान गर्ने, जाँडरक्सी खाएर स्वास्नी, छोराछोरी र टोललाई दुःख दिने क्रम घट्दै गएको आजाद माविका प्रधानाध्यापक प्रभात तिमिल्सिनाले बताउनुभयो । 'बालबालिकालाई राम्रो संस्कार यसले दिएको छ' -प्रधानाध्यापक तिमिल्सिनाले भन्नुभयो । समाजमा सकारात्मक प्रभाव पर्ने शिक्षा अन्य गाउँमा पनि विस्तार गर्ने लक्ष्य लिइएको परियति शिक्षालयका केन्द्रीय परीक्षा नियन्त्रक भिक्षु बोधिज्ञानले बताउनुभयो ।

*(साभार: नेपाल समाचारपत्र)*

---


## चौथो लघु शिक्षक-शिक्षिका तालिम सम्पन्न

नेपाल बौद्ध परियत्ति शिक्षालाई अझै गुणस्तर युक्त बनाई जनमानसबीच प्रभावकारी तुल्याउन नेपाल बौद्ध परियत्तिले यही २०६३ मंसीर २२,२३ र २४ गते लघु शिक्षक-शिक्षिका तालिमको आयोजना गरेको छ । नेपाल बौद्ध परियत्ति शिक्षाका शिक्षाध्यक्ष भिक्षु ज्ञानपुर्णिकबाट उदघाटन गरिएको उक्त कार्यक्रममा विभिन्न केन्द्रहरुबाट २-२ जना गरी जम्मा ४० जना शिक्षकहरुलाई तालिम दिइएको थियो । कार्यक्रममा शिक्षाविद्हरु डा.गणेश माली, सानु अमात्य, सबिता धाख्वा, भिक्षु निग्रोध, डा. सुमनकमल तुलाधर,अमिता धाख्वा लगायतले तालिम दिइएको थियो ।



"सब्ब दानं धम्म दानं जिनाति"

साधुवाद ज्ञापन



दिवंगत पिता कुलरत्न तुलाधर र माता चिनिमाया तुलाधरको पुण्यस्मृतिमा उहाँहरूको निर्वाण कामनार्थ चित्राशोभा तुलाधर सपरिवार,कुलरत्न मार्ग, तीनधारा बाट यस अंक प्रकाशन गर्नको लागि प्रायोजन गरिदिनु भएको छ । उहाँहरुलाई नेपाल बौद्ध परियति शिक्षा कृतज्ञताका साथ साधुवाद व्यक्त गर्दछ ।

## संघनायक श्रद्धेय भिक्षु बुद्धघोष महास्थविर अभिनन्दित

संघनायक हुनुभएको उपलक्ष्यमा अखिल नेपाल भिक्षु महासंघबाट भिक्षु बुद्धघोष महास्थविर अभिनन्दित हुनुभएको छ । सुमंगल विहारमा २०६३ भाद्र १० गते सम्पन्न सो कार्यक्रममा सभामुख सुभाष नेम्वाङ्गबाट उहाँले सो सम्मान ग्रहण गर्नुभएको थियो । उहाँ उक्त सम्मान बाहेक विभिन्न विहार तथा धार्मिक संघसस्थाहरूबाट पनि सम्मानित हुनु भएको थियो ।

---

## बुद्ध सम्वत् २५४९ वर्षको पुरस्कार वितरण समारोह सम्पन्न

बु. सं. २५४९ (वि.सं. २०६२) सालको नेपाल बौद्ध परियत्ति शिक्षाको परीक्षामा बोर्ड स्थान प्राप्त विद्यार्थीहरूलाई २०६३ आषाढ १७ गते शनिवारको दिन शिक्षा तथा खेलकुद मन्त्री माननीय डा. मंगलसिद्धि मानन्धरको प्रमुख आतिथ्यमा नेपाल बौद्ध परियत्ति शिक्षाको सम्पर्क सचिवालय विश्वशान्ति विहार, मीनभवनमा सम्पन्न भयो ।

ने.बौ.प.शि.का सह-शिक्षाध्यक्ष भिक्षु ज्ञानपूर्णिक महास्थविरले परियत्तिका सम्पूर्ण विद्यार्थीहरूलाई परियत्ति प्रतिज्ञा गर्न लगाउनु भएको उक्त कार्यक्रमम प्रमुख अतिथि माननीय मन्त्रीले परियत्ति सद्धम्म कोविद र सद्धम्म पालक उपाधि प्राप्त विद्यार्थीहरूलाई प्रमाण-पत्र तथा पुरस्कार वितरण गर्नुभएको थिया । त्यस्तै गरी म्यानमारका महामहिम राजदूत U Aung Khin Soe तथा थाइल्याण्डका महामहिम राजदूतद्वयले प्रवेश तथा प्रारम्भिक तहमा बोर्ड स्थान प्राप्त विद्यार्थीहरूलाई पुरस्कार तथा प्रमाण-पत्र वितरण गर्नुभयो ।

सोही कार्यक्रममा नेपाल बौद्ध परियत्ति शिक्षाको "परियत्ति सद्धम्म कोविद" उपाधि उत्तीर्ण विद्यार्थीहरूलाई अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष श्रद्धेय भिक्षु कुमारकाश्यप महास्थविरले कोविद स्वर्ण पदक वितरण गर्नुभएको थियो ।

### *भिक्षु महासंघको स्वास्थ्य कोष खडा भयो*

*यही सालबाट विगतमा भिक्षुहरूको स्वास्थ्य सेवाको कमीलाई महशुस गरी प्रत्येक सदस्यबाट रु. एक हजार उठाइ अखिल नेपाल भिक्षु महासघ स्वास्थ्य कोष खडा गर्ने भएको छ । यसलाई बर्षेनी निरन्तरता दिने पनि भिक्षु महासंघले जनाएका छन् । यस कोषमा केवल भिक्षुहरु मात्र नभई कुनै पनि इच्छुक दाताहरुले पनि सहयोग गर्न सकिने कुरा अ.ने.भि. महासंघका सचिव भिक्षु कोण्डन्यले जनाउनुभएको छ ।*

*आफ्ना छोराछोरीलाई परियत्ति शिक्षा पढाई नैतिकवान बनाउनुस् ।*

बु. सं. २५५० दीक्षान्त समारोहमा पदक, उपहार तथा नगद पुरस्कार दाताहरु

| स | विद्यार्थी | केन्द्र | कक्षा | श्रेणी | पदक दाता | स्वयम्भू धर्मपासा पुच स्वयम्भूपाखे | जितबहादुर बज्राचार्य, पुल्चोक रू.७,४०० | प्रज्ञानन्द स्मृति सिरपा रू.३,००० | सानुराजा, शोभा शाक्य, थैना, रू.३,००० | त्रिरत्नकीर्ति विहार, कीर्तिपुर रू.४,००० | सरस्वती शाक्य, कीर्तिपुर रू.२,८०० | अ.सुशीला स्मृति सिरपा (चैत्य) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ललिता धाख्वा | दीपकर परियत्ति शिक्षालय,नागबहाल | १० | बोर्ड प्रथम | आरती बन्धु, प्यूखा | रू.१०,००० | १०००/ | ६,००/ | | | | कृष्ण नान शाक्य |
| २ | सति धाख्वा | दीपकर परियत्ति शिक्षालय, | १० | बोर्ड द्वितीय | तीर्थबहादुर मानन्धर चसान | | ५००/ | ६,००/ | | ५,००/ | | |
| ३ | सूर्यलक्ष्मी सिंह | धर्मकीर्ति विहार, श्रीघ | १० | तृतीय श्रेणी | 0 | | | ३,००/ | | | | |
| ४ | अनागारिका इन्द्रावती | धर्मकीर्ति विहार, श्रीघ | १० | तृतीय | | | | ३,००/ | | | | |
| ५ | मोनिस शाक्य | दीपकर | ९ | द्वितीय | | रू.१,०००/ | | | | | | |
| ६ | एञ्जली शाक्य | शाक्यसिंह परियत्ति शिक्षालय, थैना | ८ | द्वितीय | 0 | रू.१,०००/ | | | | | | |
| ७ | अनागारिका अनुला | सुलक्षणकीर्ति विहार,चोभार | ७ | बोर्ड प्रथम | हेरादेवी शाक्य, बौद्ध | रू. १५००/ | ७,००/ | ४,००/ | | | | बुद्धदास शाक्य |
| ८ | प्रेमलता तुलाधर | धर्मकीर्ति विहार, श्रीघ | ७ | बोर्ड द्वितीय | प्रेमलाल श्रेष्ठ, नयाँ बानेश्वर | | ५००/ | ४,००/ | | ५,००/ | | |
| ९ | भिक्षु उत्तमो | वेलुवनाराम विहार ठेचो | ७ | बोर्ड तृतीय | अष्टरत्न,रत्नदेवी धाख्वा,नागबहाल | | ३,००/ | ४,००/ | | | ४,००/ | |
| १० | पद्मा नकर्मि | धर्मकीर्ति विहार, श्रीघ | ६ | बोर्ड प्रथम | मोतिलाल शिल्पकार मानभवन | रू. ५००/- | ६,००/ | | ५,००/ | | | दानमान शाक्य |
| ११ | विजयलक्ष्मी शाक्य | धर्मकीर्ति विहार, श्रीघ | ६ | बोर्ड द्वितीय | धर्मबहादुर धाख्वा कृष्णगल्ली | | ४,००/ | | | ५,००/ | | |
| १२ | अनागारिका मासुधा | यशोधरा मा.बि., थैना | ६ | बोर्ड तृतीय | धनबहादुर नकर्मी ढल्को | | २,००/ | | | | ४,००/ | |
| १३ | अर्बिन्द तुलाधर | अमरापुर विहार, बुङ्गमति | ५ | बोर्ड प्रथम | पञ्चवीरसिंह, पुष्पादेवी तुलाधर लाजिम्पाट | रू. ५००/- | रू. ५,००/ | | ५,००/ | | | |
| १४ | सबिना महर्जन | अमरापुर विहार, बुङ्गमति | ५ | बोर्ड द्वितीय | पञ्चवीरसिंह, पुष्पादेवी तुलाधर | | रू. ३,००/ | | | ५,००/ | | |
| १५ | रचना वैद्य | नगदेश बुद्ध विहार नगदेश | ५ | बोर्ड तृतीय | पञ्चवीरसिंह, पुष्पादेवी तुलाधर | | रू. २,००/ | | | | ४,००/ | |
| १६ | पुनम थापा | आनन्दकुटी विहार, स्वयम्भू | ४ | बोर्ड प्रथम | दुण्डबहादुर वज्राचार्य,वनबहाल | रू. ५००/- | रू. ४,००/ | | ५,००/ | | | |
| १७ | सबनम दर्शनधारी | त्रिरत्नकीर्ति विहार कीर्तिपुर | ४ | बोर्ड द्वितीय | तारादेवी शाक्य ओकुबहाल | | रू. २,००/ | | | ५,००/ | | |
| १८ | फणिन्द्र कुमार पाल | लुम्बिनी परियत्ति केन्द्र, लुम्बिनी | ४ | बोर्ड तृतीय | बाबुकाजी शाक्य लगनखेल | | रू. १,००/ | | | | ४,००/ | |
| १९ | सगिना वज्राचार्य | विश्वशान्ति विहार, मीनभवन | ३ | बोर्ड प्रथम | सानु मानन्धर भोंछे | रू. ५००/- | रू. ३,००/ | | ५,००/ | | | |
| २० | अनिता बुद्धाचार्य | आनन्दभुवन विहार, स्वयम्भू | ३ | बोर्ड द्वितीय | संघरत्न शाक्य भक्तपुर | रू. ४००/- | रू. १,००/ | | | ५,००/ | | |
| २१ | सुनिता वज्राचार्य | बुद्ध विहार, विराटनगर | ३ | बोर्ड तृतीय | पन्नादेवी ताम्राकार चिकमुगल | रू. ३००/- | रू. १,००/ | | | | ४,००/ | |
| २२ | सगिता त्वायना | मुनि विहार, भक्तपुर | २ | बोर्ड प्रथम | रुद्रबहादुर खड्गी, चसान | रू. ५००/- | रू. २,००/ | | ५,००/ | | | |
| २३ | अञ्जु महर्जन | भास्सरा मा.बि., पूर्णचण्डी | २ | बोर्ड द्वितीय | लक्ष्मी मानन्धर कालीमाटी | रू. ३००/- | रू. १,००/ | | | ५,००/ | | |
| २४ | प्रनेश शाक्य | शाक्यसिंह परियत्ति शिक्षालय, थैना | २ | बोर्ड तृतीय | हेराबहादुर मानन्धर भीमसेनस्थान | रू. २००/- | रू. १,००/ | | | | ४,००/ | |
| २५ | अनुराधा वज्राचार्य | आनन्द विहार, पाल्पा | १ | बोर्ड प्रथम | शकुन्तला प्रधान ठमेल | रू. ५००/- | रू. १,००/ | | ५,००/ | | | |
| २६ | रीया सुवाल | बोधिचर्या विहार, बनेपा | १ | बोर्ड द्वितीय | मैत्री शाक्य प्रयागपोखरी | रू. ३००/- | रू. १,००/ | | | ५,००/ | | |
| २७ | प्रनिता शाक्य | यशोधरा मा.बि., थैना | १ | बोर्ड तृतीय | चन्द्रबहादुर मानन्धर,चसान | रू. २००/- | रू. १,००/ | | | | ४,००/ | |

## बु.सं. २५५०(वि.सं. २०६३) परीक्षा परिणाम

| सं. | केन्द्रको नाम | आवेदन दिने | परीक्षा दिने | बोर्ड | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी | जम्मा उत्तीर्ण |
|---|---|---|---|---|---|---|---|---|
| १ | इन्क्यूसिह विहार, थैना | ९७ | ८४ | १ | ४७ | २५ | १० | ८३ |
| २ | धर्मकीर्ति विहार, नघल | १०५ | ७२ | ३ | २६ | ३३ | ८ | ७० |
| ३ | गणमहा विहार, गणबहाल | २१ | ११ | | ८ | २ | ० | १० |
| ४ | यशोधरा मा.वि., थैना | ३५ | ३५ | २ | १५ | ९ | ४ | ३० |
| ५ | श्रीकीर्ति विहार, कीर्तिपुर | २४ | २१ | | ७ | ९ | १ | १७ |
| ६ | प्रणिधिपूर्ण विहार, बलम्बु | ६० | ४४ | | २३ | ११ | ७ | ४१ |
| ७ | ज्योति विहार, चापागाउ | २७ | २४ | | १४ | ८ | ० | २२ |
| ८ | दीपंकर परियत्ति शिक्षालय, नागबहाल | १०८ | ७५ | २ | ३२ | १६ | ११ | ६१ |
| ९ | मुनि बिहार, भक्तपुर | ७४ | ६९ | १ | ५२ | ८ | ५ | ६६ |
| १० | उत्तरापुर गन्धकुटी विहार, खोकना | २५ | २१ | | १३ | ८ | ० | २१ |
| ११ | परोपकार मा.वि., भीमसेनस्थान | ८३ | ५१ | | २५ | १३ | ९ | ४७ |
| १२ | अमराणुर विहार, बुगम्ती | १८ | १५ | २ | ११ | २ | ० | १५ |
| १३ | विश्व शान्ति विहार, मीनभवन | ७० | ५६ | १ | २५ | १६ | ११ | ५३ |
| १४ | सिद्धिमंगल विहार, ठसि | २८ | १६ | | ३ | ८ | ४ | १५ |
| १५ | वेलुवनाराम विहार, थेचो | ४५ | ३३ | १ | १४ | १४ | २ | ३१ |
| १६ | भास्सरा मा. बि., पूर्णचण्डी | ८५ | ६३ | १ | ४५ | १४ | ३ | ६३ |
| १७ | बौद्धजन विहार, सुनाकोठी | २१ | १७ | | ६ | ११ | ० | १७ |
| १८ | आनन्दकुटी विहार, स्वयम्भू | ३३ | २९ | १ | १२ | ३ | ८ | २४ |
| १९ | लुम्बिनी परियत्ति केन्द, लुम्बिनी | २० | १६ | १ | ११ | २ | १ | १५ |
| २० | जगत सुन्दर ब्वनेकुथी, चाग. | ४६ | ४५ | | ३४ | ६ | ५ | ४५ |
| २० | बोधिचर्या विहार, बनेपा | ६६ | ५७ | १ | ३६ | १५ | ४ | ५६ |
| २२ | सुवर्ण छत्रपुर विहार, लुभु | २७ | २३ | | ६ | ४ | ११ | २१ |
| २३ | ज्ञानज्योति परियत्ति केन्द, ठमेल | ३४ | २२ | | ९ | ८ | ३ | २० |
| २४ | सुलक्षणकीर्ति विहार, चोभार | ३४ | २३ | १ | ९ | ७ | २ | १९ |
| २५ | त्रिरत्नकीर्ति विहार, कीर्तिपुर | २९ | २९ | १ | १७ | ९ | ० | २७ |
| २६ | रानीपानी ग्रामसेवा केन्द्र | ३९ | २७ | | ८ | ११ | ४ | २३ |
| २७ | कान्ति ईश्वरी मा.बि, प्युठन | ३५ | २३ | | १० | ६ | ५ | २१ |
| २८ | बुद्ध विहार, विराटनगर | २७ | १७ | १ | ११ | ३ | २ | १७ |
| २९ | यशोधरा बौद्ध विहार, झापा | १९ | १७ | | ८ | २ | ७ | १७ |
| ३० | कन्या मन्दिर उच्च मा.वि, न्ह्योखा | १० | ७ | | ३ | | १ | ४ |
| ३१ | शान्ति बन, गोदावरी | १२ | ११ | | ५ | ४ | १ | १० |
| ३२ | बुद्धभूमि बौद्ध परियत्ति, टोखा | ५१ | ३४ | | २८ | ३ | २ | ३३ |
| ३३ | नगदेश बुद्ध विहार, नगदेश | ४५ | ३४ | १ | १६ | ९ | ६ | ३२ |
| ३४ | आनन्दकुटी विद्यापीठ, स्वयम्भू | ७७ | ६३ | | १ | ४ | १४ | १९ |
| ३५ | ललित विकास नि.मा.बि., कुटोसौगल | ९९ | ४६ | | १९ | १९ | ० | ३८ |
| ३६ | अन्तराष्ट्रिय बुद्ध परियत्ति उदय विहार, बुटवल | ८१ | ६६ | | ३२ | २८ | ६ | ६६ |
| ३७ | धर्मशील बुद्ध विहार, पोखरा | ७ | ५ | | १ | २ | १ | ४ |
| ३८ | आनन्द विहार, तानसेन, पाल्पा | ११६ | ६८ | १ | ४९ | १३ | ३ | ६६ |
| ३९ | सुगतपुर विहार, त्रिशूली | | १५ | | ४ | ४ | ३ | ११ |
| ४० | माभफखण्ड बुद्ध विहार, माभफखण्ड | ३४ | २७ | | ७ | १२ | ५ | २४ |
| ४१ | आदर्श सरल मा.वि, नागबहाल | ८३ | ४२ | | ६ | १३ | १० | २९ |
| ४२ | आनन्दभूवन विहार, स्वयम्भू | ११९ | ९९ | १ | ३२ | २८ | ३७ | ९८ |
| ४३ | बुद्ध देशना अध्ययन समाज, अर्घाखाँची | ३३ | १९ | | ११ | ५ | ३ | १९ |
| ४४ | तौलेश्वरनाथ संस्कृत मा.वि., कपिलवस्तु | ४० | ३६ | | ६ | ७ | १३ | २६ |
| ४५ | भूटानी शरणार्थी क्याम्प, झापा | १५० | ४७ | | ९ | ५ | २० | ३४ |
| ४६ | शान्तिश्री बुद्ध विहार, गुल्मी | ३० | २७ | | ६ | ६ | ८ | २० |
| ४७ | सुगन्ध विहार, रिडी, गुल्मी | २४ | २३ | | ३ | ७ | ८ | १८ |
| ४८ | डि.ए.भि. स्कूल, जावलाखेल | ६ | ४ | | ० | ३ | १ | ४ |
| | जम्मा | २३५२ | १७०८ | २३ | ७७५ | ४५५ | २६९ | १५२२ |
| | प्राइभेट | | प्राइभेट | | | | | |
| १ | आदर्श सरल मा.वि, नागबहाल | ४४ | ४४ | | १२ | १२ | २० | ४४ |
| २ | यशोधरा मा.वि., थैना | ८२ | ८२ | | ३६ | २० | २६ | ८२ |
| ३ | डि.ए.भि. स्कूल, जावलाखेल | ८०७ | ७६४ | | २३३ | २७४ | २२० | ७२७ |
| | | ९३३ | ८९० | | २८१ | ३०६ | २६६ | ८५३ |
| | जम्मा | ३२८५ | २५९८ | २३ | १०५६ | ७६१ | ५३५ | २३७५ |

# 'अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित'

# नेपाल बौद्ध परियत्ति शिक्षा

बु.सं. २५५१ (बि.सं. २०६४)

## परीक्षा तालिका

समय :- बिहानको ७:३० – १०:३० बजे

| कक्षास्तर | माघ ५गते शनिबार | माघ ७ गते सोमबार | माघ ९ गते बुधबार | माघ ११ गते शुक्रबार |
|---|---|---|---|---|
| १. प्रारम्भिक प्रथम वर्ष | प्रथम पत्र | | | |
| २. प्रारम्भिक द्वितीय वर्ष | प्रथम पत्र | द्वितीय पत्र | | |
| ३. प्रारम्भिक तृतीय वर्ष | प्रथम पत्र | द्वितीय पत्र | | |
| ४. प्रवेश प्रथम वर्ष | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | |
| ५. प्रवेश द्वितीय वर्ष | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | |
| ६. प्रवेश तृतीय वर्ष | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र |

माघ महिना

| कक्षास्तर | १२ गते शनिबार | १५ गते मंगल | १८ गते शुक्र | २१ गते सोम | २४ गते विही | २७ गते आईत |
|---|---|---|---|---|---|---|
| उपाधि परीक्षा (७) | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | पञ्चम पत्र | |
| को.प्रथम वर्ष(८) | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | पञ्चम पत्र | षष्टम पत्र |
| को. मध्यम वर्ष(९) | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | पञ्चम पत्र | षष्टम पत्र |
| को. अन्तिम वर्ष(१०) | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | पञ्चम पत्र | षष्टम पत्र |

## परीक्षा सम्बन्धी थप अन्य जानकारीहरू

परीक्षा प्रवेश शुल्क

(क) प्रा.प्र.वर्ष (कक्षा १) देखि प्र.तृतीय वर्षसम्म प्रतिपत्रको रू.२०/-

(ख) सद्धम्मपालक उपाधि – कोविद अन्तिम वर्ष (कक्षा १०) सम्म प्रतिपत्रको रू.३०/-

परीक्षा माध्यम - नेपाल भाषा र नेपाली

मौखिक परीक्षा व्यवस्था - प्रारम्भिक तृतीय वर्ष (कक्षा ३) सम्म ।

सद्धम्मपालक उपाधि देखि कोविद अन्तिम वर्ष सम्म ऐच्छिक विषय - पाली भाषा/अभिधर्म

परीक्षाको आवेदन फाराम वितरण – वि.सं.२०६४ कार्तिक १ गते बिहीबारदेखि ।

आवेदन फाराम बुझाइसक्नुपन – वि.सं.२०६४ मंसीर मसान्तभित्र ।

प्रवेश-पत्र (अधकट्टी) वितरण – वि.सं.२०६४ पुष ६ गते शुक्रबार ।

परीक्षार्थी नामावली र प्रवेश-पत्रमा त्रुटी सच्याई सक्नुपर्ने – वि.सं.२०६४ पुष १६ गते सोमबारभित्र ।

परीक्षा परिणाम प्रकाशन – वि.सं.२०६४ साल चैत्र १ गते शुकबार

दीक्षान्त समारोह– वि.सं.२०६५ साल वैशाख महिनाभित्र सम्पन्न गर्ने ।

### प्राइभेट परीक्षा सम्बन्धी जानकारी

विशेष व्यवस्था भएको अनुसार पूर्व स्वीकृति बमोजिम प.स.पा.को प्रारम्भिक प्रथम वर्ष र प्रारम्भिक द्वितीय वर्षका परीक्षा आ-आफेनो केन्द्रमा परीक्षा लिने, अनि परीक्षा फल मात्र केन्द्रीय कार्यालयमा पठाउने गरी परीक्षा लिन सकिनेछ । यस्ता केन्द्रमा वार्षिक परीक्षा हुने वेलामा प्रारम्भिक प्रथम वर्ष र द्वितीय वर्षको परीक्षा लिइनेछैन ।